नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३२ अंक ४३ २०७९ साल भदौं २२ गते बुधबार (7 Sep 2022 Wednesday) मूल्य रु. ५/-




**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : कतै तपाइँको घर वरपर. ३ पृष्ठमा : प्रतिनिधिसभा र प्रदेशसभाको कार्यकाल ... ३ पृष्ठमा पाकिस्तानका बाढी पीडितलाई ...

## सप्तरीमा डेंगुका एक बिरामी फेला

**दैनिक समाचारदाता**
**राजविराज, २१ भदौ ।**

सप्तरीमा पनि एक जना डेंगुका बिरामी फेला परेका छन् । सप्तरीको खडक नगरपालिका वडा नं. ८ ढोलबजाका एक व्यक्तिमा डेङ्गु फेला परेको स्वास्थ्य कार्यालय सप्तरीका प्रमुख दुनियालाल यादवले जानकारी दिएका छन् ।

धरानस्थित विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा केही दिनअघि परीक्षण गराउँदा ती बिरामीलाई डेंगु पुष्टि भएको उनको भनाई छ ।

ती बिरामीका परिवारजनका अन्य सदस्य समेतलाई परिक्षण गर्दा उनीहरुको रिपोर्ट नेगेटिभ आएकोले हाल सो पालिकाभरि नै डेंगु बिरुद्धको औषधी छर्किने काम अघि बढाइएको स्वास्थ्य कार्यालय प्रमुख यादवले जानकारी दिए ।

नगरपालिकाका स्वास्थ्य शाखाका कर्मचारी जाकिर हुसेनले औषधी छर्कनका लागि मेसिन खरिद प्रक्रिया अघि बढाइएकोले लामखुट्टेको टोकाईबाट लाग्ने यो रोगबाट बच्न सरसफाईमा ध्यान दिन सबैमा आग्रह समेत उनले गरे ।

## निर्वाचनका लागि १० हजार आठ सय ८८ देशभर मतदानस्थल कायम

काठमाडौँ, २१ भदौ (रासस) ।

निर्वाचन आयोगले आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको निर्वाचनका लागि देशभर १० हजार आठ सय ८८ मतदानस्थलको सङ्ख्या कायम गरेको छ । गत वैशाख ३० गते भएको स्थानीय तहको निर्वाचनमा १० हजार सात सय ५६ मतदानस्थल रहेका थिए ।

आयोगले मतदानस्थल तथा मतदान केन्द्र निर्धारण कार्यविधि, २०७७ बमोजिम मतदान व्यवस्थापनलाई प्रभावकारी बनाउन तथा मतदातालाई मतदान प्रक्रियामा सहज पहुँचका लागि मतदाताको सङ्ख्या, सुविधा एवं सुरक्षाको अवस्था समेतलाई मध्यनजर गरी केही मतदानस्थल पुनरावलोकन गरेको छ । कार्यविधिमा भएको व्यवस्था बमोजिम मिति २०७९ साउन १ गतेदेखि मतदानस्थल पुनरावलोकन कार्यक्रम सञ्चालन गरी मतदाताको सघनता, मतदानस्थलसम्मको पहुँच, भवन, सञ्चार, विद्युत्, यातायातलगायत पूर्वाधारको अवस्था, सुरक्षा एवं भौगोलिक अवस्था र निर्वाचनका सरोकारवालाको सहमतिका आधारमा जिल्ला मतदानस्थल तथा मतदान केन्द्र सिफारिस समितिबाट प्राप्त सुझावका आधारमा पुनरावलोकन गरिएको हो ।

सोही आधारमा जिल्लाभरका मतदानस्थल पुनरावलोकन हुँदा एक हजार एक सय २३ मतदानस्थलको त्रुटि सच्याइएको, साविकका तीन सय ६५ मतदानस्थलबाट सबै मतदाता स्थानान्तरण गरी तीन सय ६४ मतदानस्थल निर्धारण गरिएको छ । एक सय ६३ मतदानस्थलबाट आंशिक मतदाता स्थानान्तरण गरी एक सय ६९ मतदानस्थल निर्धारण गरिएको साथै २८ मतदानस्थलका सबै मतदातालाई २८ वटै मतदानस्थलमा र १५ मतदानस्थलका आंशिक मतदातालाई स्थानान्तरण गरी १३ वटा मतदान स्थलमा गाभिएको छ ।

आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलका अनुसार देशभरका मतदानस्थलको सङ्ख्या

***बाँकी अन्तिम पृष्ठमा***


## सप्तरी क्षेत्र नं. २ बाट लोसपा अध्यक्ष महन्थ ठाकुरको नाम सिफारिस

**दैनिक समाचारदाता**
**राजविराज, २१ भदौ ।**

लोकतान्त्रिक समाजवादी पार्टी नेपाल सप्तरी क्षेत्र नं. २ ले पार्टीका राष्ट्रिय अध्यक्ष महन्थ ठाकुर र जयप्रकाश ठाकुरको नाम प्रतिनिधिसभा सदस्यका लागि सिफारिस गरेको छ ।

यसअघि सोमबार लोसपाका वरिष्ठ नेता राजेन्द्र महतोको नाम सप्तरी क्षेत्र नं. ३ को प्रतिनिधिसभा सदस्यका सिफारिस भएको छ ।

क्षेत्रिय अध्यक्ष महेन्द्र खंगको अध्यक्षतामा मंगलबार बसेको बैठकले राष्ट्रिय अध्यक्ष महन्थ ठाकुर र नेता जयप्रकाश ठाकुरको नाम



सिफारिस गरेको हो । त्यस्तै सोही बैठकले क्षेत्र नं. २ को क बाट प्रदेशसभा सदस्यमा बिनोद कुमार सिंह र सरोज कुमार मण्डलको नामा सिफारिस गरेको छ भने प्रदेशसभा ख बाट शैलेश कुमार चौधरी, डा. शरद सिंह यादव, बिनोद कुमार, शम्भु प्रसाद यादव र राजकुमार लाल दासको नाम सिफारिस गरिएको क्षेत्रिय अधयक्ष खंगले बताए ।

यसैगरि सोही बैठकले प्रतिनिधिसभा समानुपातिकतर्फ वर्तमान सांसद दुलारी खंग, अमरकान्त झा, डा. हेमकुमार मिश्र, पवित्री देवी र लिला गुप्ताको नाम सिफारिस गरिएको छ ।

यस्तै प्रदेशसभा क बाट समानुपातिकमा केशव झा, बिनोद कुमार सिंह, उषा कुमारी, लक्ष्मी प्सााद मण्डल खत्वे, बिनोद कुमार मण्डल, रिका कुमारी महतो, महेन्द्र खंग खत्वे, भोला प्रसाद मुखिया, बिनादेवी राय र मानती देवी सदाको नाम सिफारिस भएको हो ।

यसैगरि प्रदेशसभा ख बाट पुनम कुमारी यादव, रेणुकुमारी मण्डल, कृष्ण प्रसाद सिंह, ललन मिश्र, अम्रिकलदेवी यादव, लक्ष्मीदेवी साफी, रिना झा, मो. इझारुल, तपन्नुम वानो, करिनारायण देव बैश्य, रामअशिष प्रसाद साह र उजला सरवगियाको नामा सिफारिस भएको छ ।


**भर्ना खूल्यो । भर्ना खूल्यो ॥ भर्ना खुल्यो ।।।**

S.L.C. तथा S.E.E. मा कुनै पनि ग्रेडमा उत्तिर्ण भएको विद्यार्थीहरुले फारम भर्न पाउने छ ।

**V-JTA भेटनरी जे.टी.ए. १८ महिने**

**P-JTA बाली विज्ञान १८ महिने**

**हाम्रा बिशेषताहरु –**

- नेपाल सरकारको नीति अनुसार छात्रबृतिको व्यवस्था ।
- औषधी पसलको लाइसेन्स लिन पाउने ।
- OJT को विशेष व्यवस्था भएको ।
- सरकारी तथा गैरसरकारी रोजगार पाउने ।
- कलेजको आफ्नो भवनमा राम्रो प्रयोगशाला तथा पुस्तकालयको व्यवस्था भएको ।

**केही सिट बाँकी रहेकोले तुरुन्त सम्पर्क राख्नुहोला ।**

**जगदम्बा मेडिकल इन्स्टिच्यूट**

**राजविराज (रुपनी रोड), सफटेक कलेज नजिक**

**फोन नं. ०३१-५२१४७८**

**मो. नं. ९८५२८२०४७२, ९८०४७१२७०५**



दर्ता नं. ११/०६८/०६९

**जनज्योति कृषि सहकारी संस्था लि.**

राजबिराज-९,मलेठ,सप्तरी

**विषय- उपस्थिति वारे ।**

मिति २०७९।०५।१९

महोदय्,

उपरोक्त विषयमा यस संस्थाको संचालक समितिको मिति २०७९।०३।३२ गते बसेको बैठकको निर्णयनुसार संस्थाको ११ औं बार्षिक साधारण सभा तपसिलको प्रस्तावहरु उपर छलफल गरी निर्णयका लागि तपसिलका मिति, समय र स्थानमा हुने भएको हुँदा उक्त सभामा उपस्थितिको लागि सम्पूर्ण शेयर सदस्यज्युहरुलाइ जानकारी पत्र पठाइ सकिएको छ , कुनै कारणवस पत्र प्राप्त न भएको भए यसै सुचनालाइ आधारमानी उपस्थितिकोलागी हार्दिक अनुराध गरिन्छ ।

तपसिल

१. संचालक समितिको तर्फबाट प्रस्तुत अध्यक्षिय प्रतिवेदन उपर छलफल तथा पारित सम्बन्धमा ।
२. लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन उपर छलफल तथा पारित सम्बन्धमा ।
३. कोषाध्यक्ष प्रतिवेदन उपर छलफल तथा पारित सम्बन्धमा ।
४. आ.व.२०७८।०७९ को वार्षिक लेखा परिक्षण प्रतिवेदन उपर छलफल तथा पारित सम्बन्धमा ।
५. आ.व. २०७९।०८० को वार्षिक कार्य योजना उपर छलफल तथा पारित सम्बन्धमा ।
६. साधारण सभाका निर्णय लेखन तथा प्रमाणिकरण समिति चयन सम्बन्धमा ।
७. आ.व. २०७९।०८० को लेखा परिक्षक नियुक्ति तथा पारिश्रमिक उपर छलफल तथा पारित सम्बन्धमा ।
८. आ.व. २०७८।०७९ को कोष हिंसाव खर्च सम्बन्धमा ।
९ वाह्य दायित्व सम्बन्धमा ।
१०.संस्थाको विनियम पुनरालेखन सम्बन्धमा ।
११. संस्थाको कार्यविधी नितीहरु उपर छलफल तथा पारित सम्बन्धमा ।
१२. विविध

तपसिल

१.मिती :- २०७९/०५/२४ गते शुक्रवार
२.समय :- विहान १० बजे देखि
३.स्थान :- संस्थाको सेलर मिल राजविराज ९ मलेठ, रुपनी रोड सप्तरी

बिश्वनाथ मण्डल
अध्यक्ष

## सम्पादकीय ....

### उम्मेदवार चयन गर्न नेतृत्व पंक्तिलाई सकस

आउँदो मंसिर ४ गते प्रतिनिधिसभा र प्रदेशसभा सदस्यका लागि हुने निर्वाचनमा अहिले उम्मेदवारहरुको नामा सिफारिस गर्ने ओइरो लागेको छ । एउटा क्षेत्रबाट दर्जन भन्दा बढी उम्मेदवारका आकांक्षीहरुको नाम सिफारिस भएको छ । मधेश प्रदेशका आठ वटै जिल्ला मध्ये सप्तरीमा भने जसपा अध्यक्ष उपेन्द्र यादवको चार वटै क्षेत्रबाट प्रतिनिधिसभा सदस्यमा नाम सिफारिस भएको छ भने लोसपा अध्यक्ष महन्थ ठाकुरको क्षेत्र नं. २ र ३ बाट लोसपा वरिष्ठ नेता राजेन्द्र महतोको नाम सिफारिस भएको छ । यसअघि नै जनमत पार्टीका केन्द्रिय अध्यक्ष डा. सीके राउतले जिल्लाको क्षेत्र नं. २ बाटै निर्वाचन लड्ने विगुल फुकिसकेका छन् ।

यसरी मधेश केन्द्रित दलहरुको राष्ट्रिय अध्यक्षको नाम सप्तरी क्षेत्र नं. २ बाटै सिफारिस हुन थालेपछि यसपटकको निर्वाचन अघि नै रोचक दृश्य देखिएको छ । हुन त अध्यक्षहरुको नाम जिल्लाका नेताहरुले देखाउन भएपनि सिफारिस गरेर पठाउँदै छन् । यो एउटा राजनीतिक दाउपेच हो । यता जिल्लामा प्रतिनिधिसभाको मात्र नभएर प्रदेशसभा सदस्यका लागि उम्मेदवार बन्नेहरुको पनि एक दर्जन भन्दा बढीको नाम सिफारिस भएको छ । मधेश केन्द्रित दलहरुमा अहिले उम्मेदवार बन्नेहरुको ओइरो नै लागेको छ । यसरी उम्मेदवारहरुको सिफारिस गरिएको नाममा स्थानिय पालिकाको अध्यक्ष पदमा पराजित भएकाहरुको अधिक छ । हुन गइरहेको निर्वाचनमा उम्मेदवारको आकांक्षी अत्याधिक देखिएकोले पार्टी नेतृत्व पंक्तिलाई पनि चयन गर्न सकस भइरहेको छ ।

आउँदो निर्वाचनमा योग्य उम्मेदवारको नाम पार्टी नेतृत्व पंक्तिले गम्भिर भएर टुङ्ग्याउन पर्ने हुन्छ । कुनै चलखेलमा नलागि इमान्दार नेता कार्यकर्ताको पक्षमा पार्टीले इन्साफ गर्न चुक्नु हुदैन् । तसर्थ पाँच वर्षमा एक पटक जनताबाट निर्वाचित हुने प्रावधान रहेको निर्वाचनमा योग्य उम्मेदवारहरुको पक्षबाट पार्टीले पनि इमान्दारिता देखाउनु उत्तिकै जरुरी छ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. कालीप्रसाद यादव
Dr. Kali Prasad Yadav
MBBS, MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# कतै तपाइँको घर वरपर पानी जम्ने ठाउँ र खाल्डाखुल्डी त छैन ?

**शरद् शर्मा**

काठमाडौं, २१ भदौ (रासस) ।

तपाईंको घर वरिपरि पानी जम्ने ठाउँ तथा खाल्डाखुल्डी छन् भने तुरुन्तै त्यसलाई पुरिहाल्नोस् । नत्र अहिले काठमाडौं उपत्यकासँगै देशभरि फैलिरहेको डेङ्गुरोगले तपाइँ पनि सङ्क्रमित हुनु हुनेछ । समयमा नै घर वरिपरी सफासुग्धर राख्यौं भने डेङ्गु रोगबाट बच्न ससकिन्छ ।

साँझ-बिहानको समयमा सक्रिय हुने मौसममा सफा र जमेको पानीमा बस्न 'एडिज एजिप्टी' र 'एडिस एल्बोपिक्टस' प्रजातिको लामखुट्टेको टोकाइबाट अहिले दैनिक सयौं मानिस डेङ्गुको रोगबाट ग्रसित भएका छन् । पानी जम्ने सफा ठाउँमा एडिज एजिप्टी र एडिस एल्बोपिक्टस' प्रजातिको लामखुट्टेले फुल पार्दछ र ती फुल लार्भा निस्कन्छ र त्यही लार्भा बयस्क भएपछि टोकेर डेंगु रोग लाग्दछ । चिकित्सकले पानी ट्याङ्की, गाडीको डायर, वातावरण अनुकुल (एसि), गमला जस्तामा पानी जम्ने दिन नहुने र घर नजिकको खाल्डाखुल्डी पनि पुर्न आग्रह गरेका छन् । एसिबाट निस्केको पानीमा लामखुट्टेले फुल पार्ने गरेको छ ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका प्रवक्ता डा. सञ्जयकुमार ठाकुरले घर वरिपरि पानी जम्ने संरचना हटाउनुपर्ने बताउनुहुन्छ । "अव्यवस्थित शहरीकरणले गर्दा घर वरपर खाल्डाखुल्डी तथा पानी जम्ने ठाउँ रहेका हुन्छन्" उहाँले भन्नुभयो, "ती ठाउँबाट नै डेंगु रोग सार्ने जातको लामखुट्टेको विकास हुने गर्दछ ।" उहाँ डेंगु रोगको रोकथाम तथा नियन्त्रण सरकारले भन्दा पनि व्यक्तिगत रुपमा लाग्नुपर्ने बताउनुहुन्छ ।

व्यक्तिगत रुपमा आ-आफ्नो घरमा सरसफाइ गरेर पानी जम्न नदिने र घर वा बाहिर बस्दा शरिर पूरा ढाकिएको कपडा लगाउनुपर्ने उहाँको सुझाव छ । निजामती कर्मचारी अस्पतालले डेङ्गुबाट बच्नका लागि सबै शय्यामा रहेका बिरामीलाई झुल प्रयोग गर्न निर्देशन दिएको छ । उच्च ज्वरो आउने, टाउको, आँखाको गेडी, ढाड, शरीर, घुँडाका जोर्नी दुख्ने, पिँडौलाको मासु दुख्ने आदि डेङ्गुका लक्षण हुन् । डेङ्गु ज्वरो सञ्चो हुने बेलामा शरीरमा राता दाग पनि देखा पर्छन् ।

गम्भीर प्रकृतिको डेङ्गु सङ्क्रमण भएका बिरामीमा थकान महसुस हुने, गिजाबाट रगत बग्ने, पेट असाध्यै दुख्ने, बारम्बार बान्ता हुने, श्वास फेर्न गाह्रो हुने, पेट खुट्टा सुनिने जस्ता लक्षण देखा पर्छन् । यस्ता लक्षण देखिएका बिरामीलाई भने तत्काल अस्पताल भर्ना गराउनुपर्छ । स्वास्थ्य सेवा विभागको इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाका निर्देशक डा चुमनलाल दासले पछिल्ला केही दिन सङ्ख्यात्मक हिसाबले डेङ्गुका बिरामी बढेकाले जनचेतना जगाउनुपर्ने बताउनुहुन्छ । उहाँले बिरामी बढेसँगै उपत्यकाका सबै अस्पताललाई तयारी अवस्थामा रहन निर्देशन समेत दिइसकेको जानकारी गराउनुभयो । "हामीले सबै अस्पताललाई बिरामीको उपचार गर्नका लागि तयारी अवस्थामा रहन निर्देशन दिएका छौं" उहाँले भन्नुभयो, "काठमाडौं र ललितपुर महानगरलाई पनि वडादेखि नै जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्न भनेका छौं ।"

दुवै महानगरले पनि लामखुट्टेबाट बच्नका लागि वडा तहमा जनचेतनामूलक कार्यक्रमको साथै लामखुट्टेको लार्भालाई खोजेर मार्ने अभियान सञ्चालन गरेका छन् । वडा कार्यालयले लामखुट्टेबाट बच्नका लागि माइकिङ, पर्चा पम्पलेट समेत वितरण गरिरहेका छन् । महाशाखाका निर्देशक डा दासले डेङ्गुको परीक्षणका लागि सबै अस्पताललाई कीट उपलब्ध गराएको समेत बताउनुभयो । उहाँका अनुसार देशभरिका ६० जिल्लाका १३९ स्थानीय तहमा डेङ्गु रोकथाम र नियन्त्रण गर्न लार्भा नियन्त्रण र जनचेतना जगाउनका लागि बजेट विनियोजन गरिएको छ ।

शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालका प्रमुख कन्सल्टेन्ट फिजिसियन डा विमल चालिसेका अनुसार अस्पतालमा आउने सबै डेङ्गुका बिरामी रहेको बताउनुहुन्छ । "यतिबेला बहिरंग र आकस्मिकमा उत्तिकै भीड रहेका छन्," उहाँले भन्नुभयो, "हामीले अस्पताल आएका बिरामीलाई उपचार गरेर पठाउने गरेका छौं ।" उहाँका अनुसार धेरैजसो बिरामीमा धेरै ज्वरो आउने, टाउको दुख्ने, जिउ दुख्ने, खाना मन नलाग्ने, पेट दुख्ने बान्ता हुने, पखाला लाग्ने जस्ता लक्षण देखिएको छ । अस्पतालका सूचना अधिकारी नवराज गौतम दैनिक १५० देखि १७० बिरामी उपचार गर्न आइरहेका छन् । आकस्मिक सेवामा सबै शैय्या बिरामीले भरिएका छन् । आकस्मिक सेवामा २२ शैय्या रहेका छन् । उहाँका अनुसार अहिले ३१ जनाको भर्ना गरेर अस्पतालमा उपचार भइरहेको छ ।

**अस्पतालमा डेङ्गु क्लिनिक**

अस्पतालले डेङ्गुको बिरामीको उपचार गर्नका लागि छुट्टै क्लिनिक सञ्चालन गरेको छ । अस्पताल परिसरमा गत हप्ताबाट छुट्टै डेङ्गुका बिरामीको उपचार गर्नका लागि क्लिनिक सञ्चालन गरिएको सूचना अधिकारी गौतमले जानकारी दिनुभयो । क्लिनिकमा उपचार गर्न आएकामध्ये ८० प्रतिशतमा डेङ्गुका बिरामी देखिएका उहाँको भनाइ छ । तीमध्ये पाँच प्रतिशत मात्र भर्ना गरेर उपचार गर्न खालका बिरामी रहेको उहाँले बताउनुभयो । अस्पतालमा ७० शैय्या र २४ सघन उपचार कक्ष (आइसियु) रहेको छ ।

**डेङ्गुबाट बच्न उपायहरु के हुन् त ?**

एकैठाउँ जमेर रहेको सङ्लो पानीमा डेङ्गु सार्ने लामखुट्टेले अन्डा पार्ने गर्छ । त्यसैले धेरै समय बाहिर खुला रुपमा पानी राख्न हुँदैन । डेङ्गुको रोकथाम गर्नु भनेको लामखुट्टेको टोकाइबाट बच्नु हो । साँझ-बिहान लामखुट्टेको टोकाइबाट बच्न सतर्क रहनुपर्छ । घरमा जाली ढोका लगाउने, झुल टाँगेर सुत्ने, साँझ-बिहान सकेसम्म बाहिर ननिस्कने तर निस्कने परे लामा बाहुला भएका लुगा लगाउने वा लामखुट्टे भगाउने क्रिम लगाएर हिँड्ने गर्नु पर्दछ ।

वीर अस्पतालका उपनिर्देशक डा प्रज्ज्वल श्रेष्ठले पनि अस्पतालमा डेङ्गु रोगका बिरामी बढिरहेको जानकारी दिनुभयो । उहाँका अनुसार दैनिक दर्जनौंको सङ्ख्यामा डेङ्गुका बिरामी उपचार गर्न अस्पताल आइरहेका छन् । उहाँले डेङ्गु रोगबाट बच्नका लागि सबैभन्दा पहिले आफैं सचेत हुनुपर्ने बताउनुहुन्छ । अस्पतालमा अहिले पनि २९ जना बिरामीको उपचार भइरहेको उहाँले बताउनुभयो । विगत २४ घण्टामा ३६ जनामा डेङ्गु देखिएको उहाँको भनाइ रहेको छ ।

**लार्भा खोज र नष्ट गर अभियान सञ्चालन**

पछिल्लो समय लामखुट्टेको टोकाईबाट लाग्ने रोग डेंगुका बिरामी बढ्दै गएपछि काठमाडौं महानगरपालिकाले 'लार्भा खोज र नष्ट गर' अभियान सञ्चालन गरेको छ । यो अभियान अहिले कामपाको ३२ वडाबाट सञ्चालन भइरहेको महानगरका जनस्वास्थ्य विभागका प्रमुख बलराम त्रिपाठीले जानकारी दिनुभयो ।

महानगरले लामखुट्टेले अण्डा पार्न सक्ने सम्भावित स्थानहरुको खोजी गरी लामखुट्टेको लार्भा नष्ट गर्न घरदलो अभियान चलाएको हो ।

**पाँच दिनमा दुई हजार सङ्ख्या बिरामी**

स्वास्थ्य सेवा विभागको इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाका अनुसार पाँच दिनमा दुई हजार २०२ जनामा डेङ्गुका बिरामी थपिएका छन् । गत भदौ १४ गते दुई हजार ८२७ जनामा डेङ्गुका बिरामी भेटिएकामा भदौ १९ गते पाँच हजार २९ जनामा भेटिएका छन् । सेप्टेम्बर महिनामा मात्र तीन हजार ७०८ जना डेङ्गुका बिरामी फेला परेका छन् । नेपालमा अहिले मुख्य काठमाडौं, ललितपुर, मकवानपुर र रुपन्देही जिल्लामा सबैभन्दा बढी डेंगुका बिरामी पाइएको छ । इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाका भेक्टर कन्ट्रोल निरीक्षक उत्तमराज प्याकुरेलका अनुसार सबैभन्दा बढी ललितपुरमा एक हजार ८३२ जना बिरामी रहेका छन् । यस्तै काठमाडौंमा ८८८ जना, मकवापुरमा ५९८ जना र रुपन्देहीमा ४३९ जना डेङ्गुका बिरामी भेटिएका छन् । गत भदौ १४ गते ललितपुरमा एक हजार ५६, रुपन्देहीमा ३७७ र काठमाडौंमा ३३२ जना डेंगुका बिरामी भेटिएका थिए ।

महाशाखाले सार्वजनिक गरेको तथ्याङ्कमा यही बिहीबारदेखि हिजो (आइतबार)सम्म मात्र ललितपुरमा १७४ जना, काठमाडौंमा १२४ जना र मकवानपुरमा ४० जना बिरामी भेटिएका छन् । असार १५ गतेदेखि सबैभन्दा बढी डेङ्गुका बिरामी देखिएका हुन् । असार १५ देखि यतामात्र चार हजार ९५७ बिरामी भेटिएका छन् । यो सङ्ख्या भनेको कुल बिरामीको ९८ प्रतिशत हो । प्रदेशगत हिसाबले हेर्दा प्रदेश नं. १ मा २२१ जना, मधेश प्रदेशमा ७९ जना, वागमती प्रदेशमा तीन हजार ७२७ जना, गण्डकी प्रदेशमा १०१ जना, लुम्बिनी प्रदेशमा ७७० जना, कर्णाली प्रदेशमा ३६ जना र सुदूरपश्चिम प्रदेशमा ९५ जनामा डेंगुका बिरामी रहेका छन् ।

**बढी डेङ्गुका बिरामी १० जिल्लामा**

डेङ्गुका बिरामी सबैभन्दा बढी १० जिल्लामा रहेका छन् । ती १० जिल्लामा मात्र कुल बिरामीको ८४ प्रतिशत डेङ्गुका बिरामी रहेका छन् । ललितपुरमा एक हजार ८३२, रुपन्देहीमा ४३९ जना, काठमाडौंमा ८८८ जना, मकवानपुर ५९८, धादिङमा १११ जना, भक्तपुरमा ९९ जना, तेह्रथुममा ८८ जना, सिन्धुली ६६ जना, गुल्मीमा ५९ र सङ्खुवासभा ५७ जना बिरामी भेटिएका छन् । यी दश जिल्लामा मात्र चार हजार २३७ बिरामी रहेका छन् ।

नेपालमा यसअघि सबैभन्दा बढी सन् २०१९ मा १७ हजार ९९२ जनामा डेंगुका बिरामी देखिएका थिए । त्यतिबेला सबैभन्दा बढी सुनसरीमा तीन हजार ४३१ जना, चितवन तीन हजार ४०२ जना, कास्की दुई हजार ८२४ जना, काठमाडौं एक हजार ५८९ जना, ललितपुरमा ५९६ जना र झापामा ५२५ जनामा देखिएको थियो र छ जना डेङ्गुका कारणले ज्यान गएको थियो ।

नेपालमा पहिलोपटक सन २००४ मा एक जनामा डेङ्गु देखिएको थियो । सन् २००५ मा भने डेङ्गुका बिरामी देखिएनन् । त्यसपछि सन् २००६ देखि डेङ्गुको सङ्क्रमण देखिँदै आएको छ ।

सन् २००६ मा ३२ जना, सन् २०१० मा ९१७ जना, सन् २०१३ मा ६८६ जना, सन् २०१६ मा एक हजार ५२७ जना, सन् २०१७ मा दुई हजार १११ जना, सन् २०१८ मा ८११ जना र सन् २०१९ मा डेङ्गु बढेको पाइन्छ । तीमध्ये सबैभन्दा बढी सन् २०१९ मा १७ हजार ९९२ जनामा डेंगुका बिरामी देखिएका थिए । त्यसपछि कोरोना भाइरसका कारणले नेपालमा डेङ्गुको सङ्क्रमण कम देखिएको छ । सन् २०२० मा ५३० जना र सन् २०२१ मा ५४० जना डेङ्गुका बिरामी देखिएका थिए ।

तराई-मधेशमा बढी देखिने डेङ्गु सन् २०१८ पछि भने पोखरा, काठमाडौं जस्ता पहाडी सहरमा पनि देखा पर्न थालेको हो । उपत्यकामा लामखुट्टे बढेको र डेङ्गुका बिरामी पनि उपत्यका प्रवेश गरेका र ती बिरामीबाट अन्य मानिसलाई लामखुट्टेले रोग सार्ने गरेकाले उपत्यकामा डेङ्गुका बिरामी बढी देखिएका हुन् ।

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# प्रतिनिधिसभा र प्रदेशसभाको कार्यकाल लम्ब्याउने विधेयकप्रति निर्वाचन आयोगको असहमति

काठमाडौँ, २१ भदौ (रासस)।

निर्वाचन आयोगले प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको कार्यकाल नयाँ हुने निर्वाचनका लागि मनोनयनपत्र पेश गरेपछि पनि कायम रहनु उपयुक्त नदेखिने जनाएको छ।

नेपाल सरकारले अर्को निर्वाचन भई नयाँ सदस्यसहितको पहिलो बैठक भएपछि हालका सांसद्को कार्यकाल सकिने गरी प्रतिनिधिसभाका केही ऐन संशोधनमार्फत विधेयक प्रस्तुत गरेका सन्दर्भमा सोमबार आयोगले असहमतियुक्त औपचारिक प्रतिक्रिया जनाएको हो। केही नेपाल ऐन संशोधन गर्ने कममा ऐनको माध्यमबाट प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ तथा प्रदेशसभा सदस्य निर्वाचन ऐन, २०७४ मा हाल कायम रहेको प्रतिनिधिसभा तथा प्रदेशसभाको कार्यकाल सम्बन्धमा व्यवस्था गरी सङ्घीय संसद्मा विधेयक पेश भएको विषयमा आयोगले ध्यानाकर्षण गराएको छ। प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ६ तथा प्रदेशसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ६ मा भएको व्यवस्था बमोजिम आयोगको परामर्शमा नेपाल सरकारले विसं २०७९ मङ्सिर ४ गते निर्वाचन हुने गरी निर्वाचनको मिति घोषणा गरेको र सो बमोजिम आयोगले निर्वाचन कार्यक्रम निर्धारण गरी निर्वाचनको तयारी गरिरहेको अवस्था छ।

नेपालको संविधानको धारा २४६ मा आयोगले संविधान र सङ्घीय कानुनको अधिनमा रही निर्वाचनको सञ्चालन, रेखदेख, निर्देशन र नियन्त्रण गर्ने र आयोगको अन्य काम, कर्तव्य र अधिकार तथा कार्यविधि सङ्घीय कानुन बमोजिम हुने प्रावधान रहेको सन्दर्भमा कानुन निर्माण तथा संशोधनको प्रक्रियामा आयोगसँग परामर्श गर्ने अभ्यास रहँदै आएको पनि स्मरण गराएको छ। आयोगले सङ्घीय संसद् तथा प्रदेशसभामा प्रतिनिधित्व गर्ने राजनीतिक दलहरुसँग परामर्श गरी जारी गरेको निर्वाचन आचारसंहिता, २०७९ नेपाल राजपत्रमा प्रकाशन भइसकेको र सो आचारसंहितामा माथि उल्लिखित सिद्धान्त, अभ्यास तथा प्रतिनिधिसभा तथा प्रदेशसभाका सभामुख र उपसभामुखको पद बहाल सम्बन्धमा भएको संवैधानिक व्यवस्थाको आधारमा सङ्घीय संसद्को सदस्य, प्रदेशसभा सदस्य, गाउँसभाको सदस्य वा नगरसभाको सदस्य पदमा बहाल रहेको व्यक्ति सङ्घीय संसद्को सदस्य वा प्रदेशसभा सदस्य पदको लागि हुने निर्वाचनमा उम्मेदवार भएमा मनोनयनपत्र दर्ता भएपछि त्यस्तो पदबाट स्वतः पदमुक्त हुने व्यवस्था गरिएको जनाएको छ।

नेपालको संविधानको धारा ८५ तथा धारा १७७ मा प्रतिनिधिसभा र प्रदेशसभाको कार्यकाल पाँच वर्ष हुने व्यवस्था रहेको छ। प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ६१ तथा प्रदेशसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ६१ मा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ निर्वाचन परिणाम प्रकाशन भएको मितिलाई तथा समानुपातिक निर्वाचन प्रणालीतर्फ राजनीतिक दलको उम्मेदवार निर्वाचित भएको घोषणा भएको मितिलाई सम्बन्धित उम्मेदवार निर्वाचित भएको मानिने व्यवस्था छ।

"प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्यको कार्यकाल कहिलेदेखि प्रारम्भ हुन्छ भन्ने सम्बन्धमा स्पष्टता नभएको र प्रत्येक सदस्यको निर्वाचित मितिलाई आधार मानी गणना गर्दा फरकफरक मितिमा निर्वाचित भएको मान्नुपर्ने अवस्था देखिएकोले पहिलो निर्वाचित मितिलाई आधार मानी प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्यको पदावधिको अवधि गणना गर्नु व्यावहारिक र निर्विवाद हुने देखिएकाले सोही आधारमा आयोगले परामर्श दिई निर्वाचन मिति घोषणा गरेको छ।" आयोगले विज्ञप्तिमा भनेको छ, "प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्यको कार्यकाल गणना गर्ने आधार खुलाइ आयोगले दिएको परामर्शको आधारमा निर्वाचन मिति तोकी तयारीको कार्य हुँदै गरेको अवस्थामा प्रतिनिधिसभा तथा प्रदेशसभाको कार्यकालका सम्बन्धमा अन्यथा हुने गरी कानुन संशोधन गर्नु वाञ्छनीय देखिँदैन।"

आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले सोमबार जारी गर्नुभएको विज्ञप्तिमा नेपालको संविधानको धारा ९१ को उपधारा (६) को खण्ड (क) तथा धारा १८२ को उपधारा (६) को खण्ड (क) मा प्रतिनिधिसभा वा प्रदेशसभा विघटन भएको अवस्थामा सभामुख र उपसभामुख अर्को निर्वाचनको मनोनयन गर्ने मिति भन्दा अघिल्लो दिनसम्म पदमा बहाल रहने व्यवस्था गरेबाट निर्वाचनको लागि उम्मेदवार मनोनयन हुने दिनदेखि नै सभामुख तथा उपसभामुख पदमा नरहने संवैधानिक व्यवस्था भएको सन्दर्भमा प्रतिनिधिसभा वा प्रदेशसभाका अन्य सदस्य सोही पदको लागि हुने निर्वाचनका लागि मनोनयनपत्र पेश गर्ने मिति पछिसम्म कायम रहने गरी कानुन संशोधन गर्नु उपयुक्त नदेखिने जनाएको छ।

नेपालको संविधानको धारा २९६ को उपधारा (१) मा संविधानसभाबाट व्यवस्थापिका-संसद्मा रुपान्तर भएको सदनको कार्यकाल संवत् २०७४ साल माघ ७ गतेसम्म कायम हुने व्यवस्था गरेको भए तापनि सोही उपधाराको प्रतिबन्धात्मक वाक्यांशले कार्यकाल पूरा हुनु अगावै प्रतिनिधिसभाको निर्वाचन हुने भएमा मनोनयनपत्र दाखिला हुने अघिल्लो दिनसम्म व्यवस्थापिका-संसद् कायम रहने व्यवस्था भएको आधारमा संवत् २०७४ सालमा प्रतिनिधिसभाको निर्वाचनका लागि समानुपातिक निर्वाचन प्रणालीबमोजिम उम्मेदवारको बन्दसूची पेश हुने अघिल्लो दिनसम्म मात्र व्यवस्थापिका-संसद कायम रहेको विगतको अनुभव रहेको आयोगले स्मरण गराएको छ।

"सभालाई प्रतिस्थापन गर्ने गरी अर्को निर्वाचन हुने अवस्थामा निर्वाचनमा उम्मेदवारी पेश हुने अघिल्लो दिनसम्म मात्र साविकको सभा कायम रहने सिद्धान्तलाई ग्रहण गरी सोही बमोजिम विगतमा अभ्यास समेत गरिसकेकोले समान अवस्थामा फरक किसिमको अभ्यास गर्ने कार्य उचित देखिएन।" आयोगले भनेको छ। उल्लिखित सैद्धान्तिक अवधारणा, संविधानमा भएको व्यवस्था तथा विगतको अभ्यास समेतका आधारमा थप र पृथक व्यवस्था गरी आयोगको सहभागिता वा परामर्शबिना विधेयकको मस्यौदा पेश भएको बुझिएकोले कार्यकाल सम्बन्धमा गरिने नयाँ व्यवस्थाबाट थप अन्योल उत्पन्न हुने आयोगको भनाइ छ।

# कुर्थादेखि बिजलपुरासम्म रेल गुडाउने तयारी

जनकपुरधाम, २१ भदौ (रासस)।

जयनगर-बर्दिवास रेलमार्गअन्तर्गत धनुषाको कुर्थादेखि महोत्तरीको बिजलपुरासम्म १७ किलोमिटर ब्रोडगेज रेलमार्ग निर्माण कार्य अन्तिम चरणमा पुगेको छ। रेलमार्गको ट्रयाक निर्माणको मुख्य कार्य सम्पन्न भइसकेकाले आगामी बिहीबार रेल सञ्चालनको परीक्षण गर्ने नेपाल रेल्वे कम्पनीले तयारी गरेको छ।

रेल्वे ट्रयाक निर्माणको मुख्य कार्य सम्पन्न भइसकेकाले पहिलो चरणमा कुर्थादेखि बिजलपुरासम्म रेल गुडाएर परीक्षण गर्ने तयारी भएको नेपाल रेल्वे कम्पनीका इञ्जिनीयर रवीन्द्र साहले जानकारी दिनुभयो।

सो ट्रयाकको मुख्य कार्य सम्पन्न भइसकेको र सामान्य काम मात्र बाँकी रहेकाले परीक्षण गर्न लागिएको इञ्जिनीयर साहले बताउनुभयो। रेल सञ्चालनको परीक्षणपश्चात् प्राविधिकको सुझावका आधारमा जयनगरदेखि बिजलपुरासम्म नियमित रेलसेवा सञ्चालन गरिने उहाँको भनाइ छ।

बिजलपुरादेखि बर्दिवाससम्मको १८ किमी रेलमार्ग निर्माणमा भने जग्गा मुआब्जा विवादले काम प्रभावित भएको छ। "जग्गा मुआब्जाको समस्यालगायतका कारण बिजलपुरा भङ्गहादेखि बर्दिवाससम्म रेलमार्ग निर्माणको काम प्रभावित भएको छ", नेपाल रेल्वे कम्पनीका महाप्रबन्धक निरञ्जन झाले भन्नुभयो, "कतिपय ठाउँमा व्यावहारिकरुपमा सडक देखिएको छ, तर नक्सामा सडक छैन तैपनि स्थानीयले मुआब्जा मागिरहेका छन्।"

उहाँका अनुसार सो क्षेत्रका कतिपय ठाउँमा ऐलानी जग्गामा दलित बस्ती रहेका र उनीहरुसँग जग्गा स्वामित्वको कुनै कागज नहुँदा पनि मुआब्जा मागेर विवाद गरिरहेका कारण रेल्वे ट्रयाक निर्माणको काममा समस्या भएको छ।

आफूहरुले चाहेर पनि समस्या समाधान गर्न नसकिरहेको महाप्रबन्धक झाले बताउनुभयो। उहाँले भन्नुभयो, "मुआब्जाको समस्या समाधान भएपछि दुई वर्षभित्र ब्रोडगेज रेलमार्ग निर्माण सकेर बर्दिवाससम्म रेल चल्न थाल्छ, मुख्यतः हामीलाई रेलमार्ग निर्माणका लागि अहिलेदेखि ठूलो समस्या यही नै हो।"

रेल सञ्जाललाई नेपालमा विस्तार गर्नेबारे नेपाल सरकार र भारत सरकारबीच सन् २०१० मा द्विपक्षीय सम्झौता भएको थियो। सोहीअनुसार सन् २०११ महिनामा निर्माणको थालनी भएको थियो।

ब्रोडगेज निर्माणको ठेक्का भारतीय ठेकेदार कम्पनी इरकन इन्टरनेसनल लिमिटेडले प्राप्त गरी कम्पनीको निगरानीमा धनुषा र महोत्तरीमा दुई वटा निर्माण कम्पनीलाई ठेक्का दिएर काम अघि बढाइएको नेपाल रेल्वे कम्पनिले जनाएको छ।

महाप्रबन्धक झाका अनुसार नेपाललाई रेल सञ्जालमा जोड्ने सरकारको नीतिअनुरुप महोत्तरीको बर्दिबासदेखि बाराको निजगढसम्मको रेलमार्ग निर्माणका लागि माटो फिलिङको कार्य भइरहेको छ। यस्तै निजगढ-काठमाडौँ रेलसेवा सञ्चालनका लागि रेलमार्गको डिपिआर तयारी भईरहेको महाप्रबन्धक झाले जानकारी दिनुभयो।

केही दिनअघि प्रतिनिधिसभाअन्तर्गतको विकास समितिका सभापति कल्याणी खड्काको नेतृत्वमा समितिका सदस्यको टोलीले निर्माणाधिन सो रेलमार्गको निरीक्षण गर्नुभएको थियो। महोत्तरीको बर्दिबासदेखि भारतको जयनगरसम्मको रेलमार्गको निरीक्षण गरी टोलीले कुर्थादेखि बर्दिवाससम्म रेलमार्ग निर्माणका क्रममा देखिएको मुआब्जा विवाद र समाधानका उपायबारे प्रदेशसभाका सदस्य, नेपाल रेल्वे कम्पनीका महाप्रबन्धक झा, धनुषाका प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेल, रेलमार्गमा पर्ने स्थानीय तहका प्रमुख, उपप्रमुख तथा सरोकारवाला निकायका प्रतिनिधिसँग छलफल गरेको थियो।

जयनगरदेखि महोत्तरीको बर्दिवाससम्म ७० किमी निर्माणाधीन रेलमार्गमध्ये जयनगरदेखि कुर्थासम्म ३५ किमी रेलमार्गमा गत २०७८ चैत १९ गतेदेखि नियमित रेलसेवा सञ्चालन भइरहेको छ। सो मार्गमा चल्ने रेल सेवाको गत २०७८ चैत २० गते नेपालका प्रधानमन्त्री शेरबहादुर देउवा र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले झण्डा देखाएर जयनगर-कुर्था रेल मार्गमा रेलसेवाको उद्घाटन गर्नुभएको थियो। त्यसयता रेलसेवा दैनिक दुई पटक सञ्चालन भइरहेको छ।

## विश्व समाचार

### पाकिस्तानका बाढी पीडितलाई क्याम्बोडियाद्वारा सहयोग

नोम्पेन्ह, २१ भदौ (रासस/सिन्हवा)।

पाकिस्तानमा यस वर्षको मनसुनी वर्षामा आएको वर्षा र बाढीमा परेर पीडित भएकाको सहयोगका लागि क्याम्बोडियाले आर्थिक सहयोग उपलब्ध गराएको छ।

हाल दक्षिण पूर्वी एसियाली सङ्गठन आसियनको अध्यक्ष पनि रहेको क्याम्बोडियाले पाकिस्तानका बाढी पीडितका लागि ५० हजार अमेरिकी डलर बराबारको सहयोग उपलब्ध गराएको हो।

क्याम्बोडियाको विदेश मन्त्रालयका प्रवक्ता चुम सोर्नीले सो कुराको जानकारी दिनुभएको बताइएको छ। क्याम्बोडियाको विदेश मन्त्रालयले प्रकाशन गरेको एक विज्ञप्तिमा पाकिस्तानमा आएको बाढीका कारण परेको समस्यामा सहयोगका लागि अन्तरराष्ट्रिय समुदायसँगको ऐक्यवद्धताका लागि यो सहयोग उपलब्ध गराइएको बताइएको छ।

सो विज्ञप्तिमा पाकिस्तानका लागि प्राकृतिक विपद परेका बेलामा गरिएको यो दोस्रो पटकको सहयोग रहेको पनि बताइएको छ। सो विज्ञप्तिमा जनाइएअनुसार सन् २०१० मा पनि क्याम्बोडियाले पाकिस्तानलाई ५० हजार अमेरिकी डलर सहयोग उपलब्ध गराएको थियो।

पाकिस्तानको विपद व्यवस्थापन केन्द्रले दिएको पछिल्लो जानकारीअनुसार पाकिस्तानमा भूकम्पबाट एक हजार दुई सय ९० को ज्यान गएको छ भने अरु १२ हजारभन्दा बढी घाइते भएका छन्।

यसैबीच पाकिस्तानमा गत २४ घण्टामा भारी मनसुनी वर्षाका कारण आएको बाढीमा परी कम्तीमा ११ जनाको मृत्यु भएको राष्ट्रिय प्रकोप व्यवस्थापन प्राधिकरण (एनडीएमए) ले जनाएको छ।

मृत्यु भएका सबै पाकिस्तानको दक्षिणी प्रान्त सिन्ध रहेका छन्। तीमध्ये कम्तीमा आठ बालबालिका र दुई महिला रहेका एनडीएमएले जनाएको छ।

पाकिस्तानमा यस प्रकोपका कारण विभिन्न भागमा पाँच हजार दुई सय ७९ घर ध्वस्त भएका छन् भने ७६ ओटा पशुको मृत्यु भएको छ।व्स

पाकिस्तानमा मनसुनी वर्षापछिको बाढी र पहिरोबाट मध्यजुनदेखि हालसम्म एक हजार तीन सय २५ मृत्यु हुनुको साथै १२ हजार सात सय तीन घाइते भएका छन्।

साथै, वर्षाका कारण देशभर १६ लाख ८८ हजार पाँच घर ध्वस्त भएका छन् भने सात लाख ५० हजार चार सय ८१ गाईवस्तुको ज्यान गएको छ।

बाढी प्रभावित क्षेत्रमा एनडीएमए, अन्य सरकारी संस्था, स्वयंसेवी र गैरसरकारी संस्थाहरूद्वारा उद्धार र राहतकार्य जारी राखेको छ।

### सिचुवान भूकम्प : पैसट्ठी जनाको मृत्यु

छन्दु, २१ भदौ (रासस/सिन्ह्वा)।

चीनको दक्षिणप्रश्चिम प्रान्त सिचुवानको लुडिङ काउन्टीमा ६.८ म्याग्निच्युडको भूकम्पमा परी ६५ जनाको मृत्यु भएको तथा एक सय ७० जना घाइते भएका स्थानीय अधिकारीहरूले बताएका छन्।

गाञ्जी तिब्बती स्वायत्त प्रिफेक्चरमा ३७ जना तथा याआन शहरको शिमियान काउन्टीमा २८ जनाको मृत्यु भएको छ। गाञ्जीमा १२ जना हराइरहेका, ५६ जना गम्भीर घाइते भएका छन्।

स्थानीय समयअनुसार सोमबार १२ बजेर ५२ मिनेटमा लुडिङ काउन्टीभन्दा ३९ किलोमिटर टाढाको स्थललाई केन्द्रबिन्दु बनाएर भूकम्प भएको चाइना भूकम्प नेटवर्क सेन्टरले जनाएको छ। भूकम्पको धक्का केन्द्रबिन्दुबाट दुई सय २६ किलोमिटर टाढा रहेको सिचुवान प्रान्तको राजधानी छन्दुमा पनि महसुस गरिएको थियो। राष्ट्रिय आपत्कालीन प्रतिकार्य तथा उद्धार कार्यालयबाट सहायताकर्मी भूकम्प प्रभावित क्षेत्रमा परिचालन भएका छन्।

### उत्तरी वजिरिस्तानमा पाँच पाकिस्तानी सैनिक मारिए

खैबर पख्तुनख्वा, २१ भदौ, (रासस/एएनआई)।

उत्तरी वजिरिस्तानको बोया क्षेत्रमा आतङ्कवादीहरूसँग सोमबार भएको झडपमा पाँच जना पाकिस्तानी सैनिकको मृत्यु भएको छ।

गुप्त सूचनाका आधारमा उक्त स्थानमा सेनाले कारबाही गर्दा चार जना आतङ्ककारी पनि मारिएका इन्टर सर्भिसेस पब्लिकेशन रिलेसन्स (आइएसपीआर) ले जनाएको छ। उक्त स्थानबाट हातहतियार पनि बरामद भएको छ।

मारिएका आतङ्ककारी सुरक्षा बल र निर्दोष नागरिकको हत्यामा सक्रिय रूपमा संलग्न थिए। खैबर पख्तुनख्वामा प्रहरीमाथि आक्रमणको घटना बढ्दै गएका छन्। पाकिस्तानी अधिकारीले सबै सुरक्षा चौकीमा सुरक्षा व्यवस्था सुदृढ बनाएका छन्।

यसअघि गत साउन ३० गते सुरक्षा बलले उत्तरी वजिरिस्तान जिल्लाको मीरअली क्षेत्रमा गरेको कारबाहीका क्रममा एक जना आतङ्कवादीलाई मारेको थियो। त्यसअघि सोही इलाकामा आतङ्ककारी र सुरक्षाकर्मीबीच झडप हुँदा एक जना सैनिक जवानको मृत्यु भएको थियो।

# निर्वाचन घोषणा भएपछि कार्यकाल थप्न हुँदैन

काठमाडौँ, २१ भदौ (रासस)।

प्रतिनिधिसभाको मंगलबारको बैठकमा नयाँ निर्वाचनको मिति घोषणा भइसकेको सन्दर्भमा प्रतिनिधिसभाको कार्यकाल बढाउन नहुनेमा सांसदहरुले जोड दिनुभएको छ।

‘केही नेपाल ऐन संशोधन गर्ने विधेयक, २०७९’ माथिको दफाबार छलफलमा भाग लिँदै सांसदहरुले निर्वाचन घोषणा भइसकेको अवस्थामा अमिल्दो काम गर्न नहुने बताउनुभयो। छलफलमा भाग लिँदै सांसद गगनकुमार थापाले संसद्को कार्यकाल बढाउन खोजिएको भन्दै गलत प्रचार गरिएको र सरकारले विधेयक प्रस्तुत गर्दा जुन खालको विचार निर्माण गर्नुपर्ने थियो त्यो हुन नसकेको बताउनुभयो। सम्पत्ति शुद्धिकरणका सन्दर्भमा आएको विधेयक समसामयिक रहेको भन्दै कानुन बनाउने कामसँगसँगै त्यसको प्रभावकारी कार्यान्वयनमासमेत लाग्नुपर्नेमा जोड दिनुभयो।

सांसद गोकुल बाँस्कोटाले निर्वाचनको प्रक्रिया सुरु भएपछि संसद्को आयु बढाउन खोजिएको बताउनुभयो। सांसद शेरबहादुर तामाङले सम्पत्ति शुद्धिकरणसँग सम्बन्धित कानुनलाई समयानुकूल बनाउन लागेकामा सरकारलाई धन्यवाद दिनुभयो।

सांसद विशाल भट्टराईले पनि नयाँ निर्वाचनका लागि उम्मेदवारी दर्ता गर्ने समय नजिकिएका बेला संसद्को कार्यकाल बढाउन खोजिएकामा आपत्ति जनाउनुभयो। सांसद प्रकाश रसाइलीले दुई-दुई पटक प्रतिनिधिसभा विघटन गर्नेहरुले कुन मुख लिएर जनतामा जाने होला भन्ने प्रश्न गर्नुभयो।

संसद् चाहिँदैन भनेर पटक-पटक विघटन गरिएको भन्दै उहाँले आगामी निर्वाचनमा नेपाली जनताले स्पष्ट फैसला गर्ने विश्वास व्यक्त गर्नुभयो। उहाँले संसद्को आयु बढाउने विषयमा आफ्नो समर्थन नरहेको धारणा राख्नुभयो। सांसद प्रेम सुवालले निर्वाचन घोषणा भएपछि निर्वाचनमा भाग नलिने व्यक्तिको नेतृत्वमा सरकार गठन गर्ने र संसद्को कार्यकाल सकिने प्रबन्ध कानुनमा नै हुनुपर्ने बताउनुभयो।

सांसद नवराज सिल्वाल, पार्वतीकुमारी विशंखे, अतहर कमाल मुसलमानले विधेयकको क्रमबद्धता मिलाउन आग्रह गर्नुभयो। सांसद रामकुमारी चौधरीले निर्वाचनको मनोनयनपछि सांसदको कार्याकाल सकिने गरी कानुनी प्रबन्ध गर्नुपर्ने धारणा राख्नुभयो।

सांसद भीमबहादुर रावलले निर्वाचन घोषणा भएपछि दीर्घकालीन प्रभाव पार्ने विषयमा निर्णय गर्न नहुने बताउनुभयो। सांसद कृष्णभक्त पोखरेलले प्रतिनिधिसभाको पदावधि कति हुने भन्ने विषयमा स्पष्ट हुनुपर्ने भए पनि यो गलत समयमा आएको बताउनुभयो।

सांसद वर्षमान पुनले निर्वाचनको प्रक्रिया सुरु भएपछि हतारमा यस्ता विधेयक ल्याउनु गलत भएको बताउनुभयो। सम्पत्ति शुद्धिकरणको सवालमा सरकारले केही नेपाल ऐनको संशोधनमार्फत ल्याएको विषय महत्वपूर्ण रहेको धारणा राख्नुभयो। सांसद बिन्दा पाण्डे, पार्वताकुमारी चौधरी, अमेरशकुमार सिंह, छक्कबहादुर लामालगायतले सो विधेयकका सम्बन्धमा आफ्ना धारणा राख्नुभयो।

## बजाज आधाको आधा

**दैनिक समाचारदाता**
**राजविराज, २१ भदौ।**

हंसराज हुलास चन्द एण्ड कम्पनीले “बजाज आधाको आधा” नामक ग्राहक योजना ल्याएको छ।

दशैं, तिहार र छठ पर्वको अवसरमा कम्पनीले आफ्ना ग्राहकहरुका लागि सो योजना ल्याएको जनाएको छ।

योजना अन्तरगत ग्राहकहरुलाई आफूले खरीद गर्न लागेको बाइकको मुल्यको आधाको आधा अर्थात २५ प्रतिशत मात्र डाउन पेमेण्ट गरि बाइक लैजान सक्ने सुविधा दिइएको छ। यस योजनामा हरेक बाइकको खरीदमा ७ हजार नगद छुट समेतको व्यवस्था गरिएको कम्पनीले जनाएको छ।


## जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था।
त्यसैले आजै संस्थामा जुटौं, **“बचत गरौं समृद्ध बनौं”**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२, www.janajyoticoop.com.np**


# अमलेखगञ्जमा दुई वटा पेट्रोल भण्डारण गृह बनाइने

वीरगञ्ज, २१ भदौ (रासस)।

नेपाल आयल निगमले पाइपलाइनमार्फत पेट्रोलसमेत नेपाल आयात गर्न बाराको अमलेखगञ्जस्थित निगमको प्रादेशिक कार्यालयमा पेट्रोल भण्डारण गर्न दुई वटा पेट्रोल भण्डारण गृह (टङ्की) निर्माणको काम अघि बढाएको छ।

हाल निगमले भारतको विहारस्थित मोतिहारीदेखि नेपालको बारास्थित अमलेखगञ्जसम्म पाइपलाइनमार्फत डिजेल मात्र आयात गर्दै आएको थियो। निगमले अब भने उक्त पाइपलाइनबाटै पेट्रोलसमेत आयात गर्न निगमको अमलेखगञ्जस्थित डिपो परिसरमा दुई वटा भण्डारण ट्याङ्की निर्माणको काम अघि बढाएको हो।

जसका लागि भारतीय आयल कर्पोरेसनले पेट्रोल भण्डारण गृह निर्माणका लागि आवश्यक ठेक्का प्रक्रिया पूरा गरिसकेकाले आगामी दसैँपछि भण्डारण गृह निर्माण काम सुरु हुने अमलेखगञ्जस्थित निगमको प्रादेशिक कार्यालयका प्रमुख इञ्जिनीयर प्रदीप यादवले जानकारी दिनुभयो।

हाल निगमले भारतको विहारस्थित मोतिहारीदेखि नेपालको बारास्थित अमलेखगञ्जसम्म करिब ६९ किमी लामो पाइपलाइनमार्फत डिजेल आयात गर्दै आएको छ। अब निर्माण हुने पेट्रोल भण्डारण गृह (ट्याङ्की) मध्ये प्रतिट्याङ्की चार हजार एक सय किलोलिटर क्षमताको हुनेछन्।

नेपालतर्फको पाइपलाइनको अन्तिम बिन्दु अमलेखगञ्जमा पेट्रोल भण्डारण गृह निर्माण भएपछि पाइपलाइनमार्फत नेपालमा पेट्रोल आयात गर्न थप सहज हुनेछ। पेट्रोल सङ्कलन गर्ने दुई वटा भण्डारण ट्याङ्की निर्माणपश्चात् निगमलाई पेट्रोल आयातमा प्रतिलिटर करिब एक रुपैयाँ ५० पैसा ढुवानी खर्च सस्तो पर्ने आँकलन गरिएको आयल निगमका कार्यकारी निर्देशक उमेशप्रसाद थानीले जानकारी दिनुभयो।

करिब रु तीन अर्ब २६ करोडको लागतमा निर्माण हुने दुई वटा पेट्रोल भण्डारण ट्याङ्की निर्माणको कार्य आगामी सन् २०२४ को जनवरीसम्म सम्पन्न हुने लक्ष्य रहेको छ। हाल मोतिहारीदेखि अमलेखगञ्जसम्म करिब ६९ किलोमिटर लामो पाइपलाइनबाट प्रतिघण्टा दुई लाख ५० किलोलिटरका दरले डिजेल आयात भइरहेको बताइएको छ। तर पेट्रोलका लागि भारतबाट ट्याङ्करमार्फत आयात भइरहेको छ।

### *निर्वाचनका लागि १० ...*

१० हजार आठ सय ८८ पुगेको छ। यसअघि देशभरका जम्मा १० हजार सात सय ५६ मतदानस्थल रहेका थिए। मतदानस्थल पुनरावलोकन गर्दा देशभरका चार सय एक मतदानस्थललाई हटाइ नयाँ मतदान स्थल निर्धारण गरिएको छ।

मतदानस्थल पुनरावलोकन भएपश्चात् स्थानीय तहको निर्वाचन, २०७९ को समयमा मतदान गर्नका लागि बास बस्नुपर्ने, निकै टाढा टाढासम्म हिँड्नुपर्ने लगायतको गुनासो सम्बोधन भई मतदातालाई मतदानस्थलसम्मको पहुँच सहज भई निर्वाचनमा मतदाताको सहभागिता अझ बढ्ने अपेक्षा आयोगले गरेको छ।


## उत्पादन बढाऔं र औद्योगिकीकरणमा सहयोग गरौं

- विलासिताका वस्तु तथा सेवाको उपयोग घटाऔं।
- देखासिकी नगरौं, आफ्नो आर्थिक क्षमताको पहिचान गरौं।
- आर्थिक मितव्ययी बनौं, फजुल खर्च नगरौं।
- रकम बचत गरी विश्वसनीय बैंक तथा वित्तीय संस्थामा जम्मा गरौं।
- स्थानीय स्रोत र साधन परिचालन गरी उत्पादन बढाऔं।
- आर्थिक रुपमा सक्षम बनौं, राष्ट्रिय पूँजी निर्माणमा योगदान पुऱ्याऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्। हाम्रो सेवाहरु

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६

ipay remit | City Express Money Transfer | Best Remit Quick & Easy | Prabhu Money Transfer – रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम | IME International Money Express | himal remit हिमालरेमिट | CG Money



**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*